गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

नेपाल सरकार

गृह मन्त्रालय
विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा
मनसुन पूर्वतयारी तथा प्रतिकार्य कमाण्ड पोष्ट

२९ जेठ २०८१ बुलेटिन संख्या #१४४९

# मनसुन २०८१ का लागि दैनिक विपद् बुलेटिन- ७

| घटना संख्या | मृत्यु संख्या | बेपत्ता संख्या | घाइते संख्या | अनुमानित क्षति (ने.रू.) | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १९ | ३ | ० | १ | २४,८७,००० | ० | ३ |

## हाइलाइटः

- जल तथा मौसम विज्ञान विभागका अनुसार आगामी केही दिन (जेठ २९ गतेदेखि जेठ ३१ गतेसम्म) देशका मध्य तथा पश्चिमी तराईका भू-भागहरुमा अत्यधिक गर्मीको संभावना रहेको छ । तसर्थ तातो हावाको लहरको असरबाट बच्न आवश्यक सतर्कता अपनाउनु हुन अनुरोध छ ।

## घटना सारांशः

| घटना | जिल्ला | घटना विवरण/संख्या | मृतक | बेपत्ता | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|---|
| आगलागी | सोलुखुम्बु | सोलुदुधकुण्ड न.पा.- ६ च्याल्सा स्थित एक घरमा आगलागी हुँदा घर र चिरान काठ जलि ३ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | अ.प्र.चौ. दोर्पुको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | काठमाडौं | काठमाण्डौ मनपा- ९ तिलगंगा वाईसेल मार्ग स्थित सड्क खण्डमा गुडिरहेको बा ५ ख ३९०२ नम्बरको गोकर्णेश्वर यातायात रिङरोड चल्ने बसमा अचानक लाईन सर्ट भई ईन्जिनमा आगलागी । | ० | ० | ० | वृत्त गौशालाको टोली र यात्रुहरुको सहयोगमा आगो नियन्त्रण । |
| | पर्सा | बिरगञ्ज म.न.पा.- ६ स्थित सनराईज लक्ष्मी बैंकको जेनेरेटरमा आगलागी हुँदा ९ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्रहरी चौकी आदर्शनगरको टोली र दमलकको सहायतामा आगो नियन्त्रण। |
| | पर्सा | धोबिनी गा.पा.- ३ गुलरिया स्थित कैमुदिन पोल्ट्री फर्ममा विद्युत सर्ट भई आगलागी हुँदा कुखुराको दाना, बोरा र ईलेक्ट्रिक भाडा जली २ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्रहरी र पोखरिया न.पा. को दमकलको सहयोगमा आगो नियन्त्रण । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सर्लाही | बरहथवा न.पा.-१० कटानी स्थित एक घरमा आगलागी हुँदा लत्ताकपडा, पुस्तक गरि ६० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | इ.प्र.का.मुर्तियाको टोली खटिई गएको । |
| | बाँके | नरैनापुर गा.पा.- १ महतेनिया स्थित एक घरमा आगलागी हुँदा मो.सा., पानी तान्ने मोटर, साईकल, गहुँ, मोबाइल र नगद गरी १ लाख ४४ हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | इ.प्र.का. सुईयाको टोली, दमकल र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | बाँके | कोहलपुर न.पा.- ११ NTV कार्यालय नजिकैको एक घरमा विद्युत सर्ट भई आगलागी, क्षतिको बिवरण आउन बाँकी। | ० | ० | ० | इ.प्र.का. कोहलपुरको टोली र दमकल गई आगो नियन्त्रण । |
| | कैलाली | धनगढी उमनपा- १२ D गाउँ स्थित कुखुरा नभएको एक कुखुरा फर्ममा एक्कासी आगलागी हुँदा आगोको झिल्को नजिकैको एक घरको झ्यालमा पर्न गई सामान्य चर्किई ५ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | दमकल, स्थानीय र प्रहरीको सहकार्यमा आगो नियन्त्रण । |
| | कैलाली | जानकी गा.पा- ५ पथरैया स्थित एक गोठमा बिजुलीको तार सर्ट भई आगलागी हुँदा धान, गहुँ, तोरी गरी ८३ हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | दमकल, स्थानीय र प्रहरीको सहयोगमा आगो नियन्त्रण । |
| | डडेल्धुरा | नबदुर्गा गा.पा.- ५ खनेखोला स्थित एक गोठमा मच्छर भगाउन बालेको आगोबाट अचानक आगलागी हुँदा भैंसी-१, पाडो-१, बाख्रा-२ वटा सामान्य घाईते, नजिकै रहेको खर र गोठ जली नष्ट । | ० | ० | ० | अ.प्र.पोष्ट ठाँटाबजारको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | डोटी | जोरायल गा.पा.- ३ चनकट्टे स्थित एक होटलमा अचानक आगलागी हुँदा भाँडाबर्तन, फर्निचर, ग्यास चुल्हो, खाद्यान्न र होटल पूर्णरुपमा जलि नजिकैको कपडा सिलाउने खोकोमा समेत आगो सल्किई कपडा, कपडा सिलाउने मेसिन जली २१ लाख २० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | स्थानीय र प्रहरीको सहयोगमा आगो नियन्त्रण । |
| | दार्चुला | ब्याँस गा.पा.- ५ स्थित एक गोठमा विद्युत सर्ट भई आगलागी हुँदा गाई-१ बाच्छा-२ को निसासिएर घट्नास्थलमै मृत्यु, खाद्यान र लत्ताकपडा जलि नष्ट । | ० | ० | ० | प्रहरी र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| **जनावर आक्रमण** | ललितपुर | कोन्जोसोम गापा-४ नल्लु बस्ने वर्ष ४० का एक पुरुष बारीमा काम गर्न गएको अवस्थामा अचानक चितुवाले आक्रमण | ० | ० | १ | चितुवा बस्ती वरपर रहेकाले वन कार्यलयबाट रेक्यु टोली गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गर्दा घाइते । घाईतेलाई उपचारको लागि पाटन अस्पताल लगिएको । | | | | |
| **लेक लाग्ने** | मनाङ्ग | डिस्याङ गा.पा.- ६ चुलोवएस्ट बेसक्याम्प स्थित मनाङबाट थोरङ्ला पास गर्ने क्रममा पर्यटकको भारी बोक्ने धादिङ गंगा जमुना गा.पा.- ५ का ३५ वर्षिय एक पुरुष बाटोमा हिड्दै गर्दा लेक लागी बिरामी भई घटनास्थलमा नै मृत्यु। | १ | ० | ० | - |
| **डढेलो** | खोटाङ् | हलेसी तुवाचुङ न.पा.- ८ धितुङ जोरबल स्थितमा चौतारा सामुदायिक वनमा आगलागी हुँदा खानेपानीको पाइप ३०० मिटर जलि १ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.चौ. धितुङको टोली र स्थानीयको सहयोगमा आगो निभाउने कार्य भईरहेको । |
| | दैलेख | नौमुले गा.पा.- ६ भले डाँडा स्थित रापट सामुदायिक वनमा आगलागी हुँदा नजिकैको एक गोठ समेत जली १ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | इ.प्र.का.नौमुलेको टोली र स्थानीयको सहयोगमा गोठमा लागेको आगो नियन्त्रण, वनको आगो निभाउने कार्य भइरहेको। |
| | दैलेख | भैरबी गा.पा.- ३ गल्ला पानी सामुदायिक वनमा आगलागी, वडा नं.२ र ३ का करिब ३०/३५ घरहरु जोखिममा । | ० | ० | ० | प्र.चौ.भैरवी र ई.प्र.का. दुल्लुको टोली र स्थानीयको सहयोगमा आगो निभाउने कार्य भइरहेको । |
| **पहिरो** | खोटाङ्ग | साकेला गा.पा.- २ धिकुर्तुङ स्थित कुलो बनाउन पैदल जाँदै गरेका ५५ वर्षिय एक पुरुषको एक्कासी माथिबाट पहिरो आई आधा शरिर पुरी घटनास्थलमा नै मृत्यु । | १ | ० | ० | प्र.चौ. रतन्छाको टोली खटिई गएको । |
| **बाढी** | ताप्लेजुङ्ग | सिरिजंगा गापा- ७ खेवाङ स्थित काबेली थ्रि हाईड्रोपावरमा काम गर्ने एक कामदारलाई ऐ.ऐ. स्थित ओथामा खोलामा काम गर्ने क्रममा अचानक बाढी आई टयाक्टर सहित बगाई लगेकोमा १००/२०० मिटर तल लास फेला परेको । | १ | ० | ० | प्रचौ खेवाङ र ईप्रका तेल्लोकको टोली खटिई गएको । |
| **जम्मा संख्या** | १४ | १९ | ३ | ० | १ | |

❖ *नोट: जेठ २२ विहान १०:०० बजे देखि २३ जेठ विहान १०:०० बजेसम्म*

## दैनिक वर्षा (Daily Precipitation) को सारांशः

जेठ २८ गते बिहान ०८:४५ बजे देखि जेठ २९ गते बिहान ०८:४५ बजे सम्मको वर्षा

आज मिति २०८१/०२/२९ गते बिहान ०८:४५ बजे १४७ वटा वर्षा मापन केन्द्रहरु (मानव सञ्चालितः ४८ र स्वचालितः ९९) मा मापन गरिएको गत २४ घण्टाको वर्षाको विवरण अनुसार २० वटा केन्द्रहरुमा वर्षा भएको छ (नक्सा १)। उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा संखुवासभा जिल्लाको नुम केन्द्रमा (१००.२ मि.मि.) भएको छ।




नक्सा १: जेठ २८ गते बिहान ०८:४५ बजे देखि जेठ २९ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको वर्षा (मि. मि.)

## दैनिक न्यूनतम तापक्रम (Daily Minimum Temperature) र अधिकतम तापक्रम (Daily Maximum Temperature) को सारांशः




नक्सा २: जेठ २८ गते बिहान ०८:४५ बजे देखि जेठ २९ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको न्यूनतम तापक्रम (डिग्री सेल्सियस)




नक्सा ३: जेठ २७ गते साँझ ०५:४५ बजे देखि जेठ २८ गते साँझ ०५:४५ बजे सम्मको २४ घण्टाको अधिकतम तापक्रम (डिग्री सेल्सियस)

तालिका १: २०८१/०२/२९ गते बिहान ०८:४५ बजे मापन गरिएको गत २४ घण्टाको न्यूनतम तापक्रम र २०८१/०२/२८ गते साँझ ०५:४५ बजे मापन गरिएको गत २४ घण्टाको अधिकतम तापक्रमको विवरण ।

| तापक्रम (डि.से.) | न्यूनतम तापक्रम (केन्द्र संख्या) | अधिकतम तापक्रम (केन्द्र संख्या) |
|---|---|---|
| १० देखि १५ | ५ | ० |
| १५ देखि २० | १४ | ० |
| २० देखि २५ | २१ | ३ |
| २५ देखि ३० | २३ | १४ |
| ३० देखि ३५ | ० | २४ |
| ३५ देखि ४० | ० | २४ |
| ४० देखि ४५ | ० | ३ |
| जम्मा केन्द्र संख्या (वटा) | ६३ | ६८ |
| सबैभन्दा बढी/केन्द्र,जिल्ला | ३०.० डि.से./तौलिहवा,कपिलबस्तु | ४४.० डि.से./धनगढी,कैलाली |
| सबैभन्दा कम/केन्द्र,जिल्ला | १२.६ डि.से./लुक्ला विमानस्थल, सोलुखुम्बु | २०.४ डि.से./ लुक्ला विमानस्थल, सोलुखुम्बु |

नोटः डि.से. = डिग्री सेल्सियस

**विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि** www.twitter.com/ndrrma_Nepal र www.facebook.com/ndrrma/videos र www.youtube.com/NDRRMA **मा जानुहोस्।**